# पाँचखपन नगरपालिकाको नगर प्रमुख श्री विपीन राईज्यूले
# प्रस्तुत गर्नुभएको
# आर्थिक बर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

## पाँचखपन नगरपालिका

## संखुवासभा

२०८२ साल आषाढ १० गते मंगलवार

## पाँचखपन नगरपालिका, संखुवासभा
## आर्थिक बर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

**पाँचखपन नगरपालिका, संखुवासभाका उपप्रमुख लगायत सम्पूर्ण नगरसभा सदस्य एवम् कर्मचारीहरु, सर्वप्रथम पाँचखपन नगरपालिकाको नगरसभाको पन्ध्रौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।**

१. नगरपालिकाको आर्थिक वर्ष २०८२/८३को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म, नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनमा जीवन बलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्नु हुने आदरणीय अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

२. अहिले पनि विगतका बर्षहरुमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण, विभिन्न मुलुकहरुबीचको द्वन्द लगायत अन्य विविध कारणहरुले गर्दा विश्व अर्थतन्त्रको साथै देशको अर्थतन्त्रमा प्रतिकूल अवस्था सिर्जना भइ नगरपालिकाको आर्थिक अवस्थामा समेत नकारात्मक प्रभाव पारेको छ । नेपालजस्तो न्यून आय भएको मुलुकले ठूलो मात्रामा आर्थिक संकट सामना गर्नु परिरहेको छ । त्यसको प्रत्यक्ष असर आगामी आर्थिक बर्षको लागि संघ तथा प्रदेशबाट स्थानीय तहहरुमा हुने वित्तीय हस्तान्तरणमा कटौती र चालु आर्थिक बर्षमा निकासा हुनुपर्ने अनुदानहरु उल्लेखनीय मात्रामा भएको कटौतीबाट प्रष्ट हुन्छ ।

सभाका सदस्यज्यूहरु,

३. स्थानीय तह निर्वाचन, २०७९ बाट निर्वाचित भएर आएपश्चात् कार्यकालको तेस्रो वर्षसमेत व्यतित भइ चौथो वर्षमा प्रवेश गरी रहेका छौं । हामी निर्वाचनको समयमा गरेको प्रतिवद्धता पुरा गर्ने कठिन परीक्षाको मोडमा छौं । आपसी सद्भाव, समन्वय र सहकार्यबाट मात्र हामीले सोचेको र जनताको अपेक्षा सम्बोधन हुन सक्दछ । सर्वोपरी विकासले मात्र पाँचखपन नगरपालिकाको मुहार फेरिनेमा दुईमत नहोला, तसर्थ त्यसतर्फ हाम्रा पाइलाहरु अघि बढ्नु पर्नेमा जोड दिन चाहन्छु ।

४. सीमित साधनस्रोतको अधिकतम् परिचालन गरी नगरवासीको माग र आकांक्षालाई सम्बोधन गर्दै जानुपर्ने विद्यमान अवस्था छ । वर्तमान सरकारको परिकल्पना "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा पूरा गर्न हामी दृढ अठोटका साथ अघि बढिरहेका छौं । हाम्रा नीति तथा कार्यक्रम पनि सोहीतर्फ परिलक्षित रहेको छ ।

सभाका सदस्यज्यूहरु,

५. आगामी आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु अघि हालसम्म भएका मुख्य उपलब्धिहरु उल्लेख गर्न चाहन्छु ।

६. पाँचखपन नगरपालिकाकै गौरवको आयोजना वाना बिहीवारे खानेपानी योजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

७. नगरपालिका क्षेत्रभित्र शान्ति, सुव्यवस्थालाई थप प्रभावकारी बनाउन स्यावुन टाइगरचौक, वडा नं. ३ को गैरीगाउँ, वडा नं ८ र ९ को बिचमा पर्ने भर्तीवाल डाँडामा अस्थायी प्रहरी चौकी स्थापना भएको छ । वडा

बिपिन राई
नगर प्रमुख

नं. ४ र ५ को संगम स्थल लिङलिङमा समेत अस्थायी प्रहरी चौकी स्थापना गर्नको लागि सम्बन्धित निकायहरुसँग थप समन्वय भएको छ ।

८. वाना प्राथमिक स्वास्थ्य केन्द्र आधारभूत अस्पतालमा स्तरोन्नती भएको घोषणा भएको छ र सो को लागि आवश्यक भवन तथा पूर्वाधार निर्माणाधीन अवस्थामा रहेको छ ।

९. यस नगरपालिककाको वडा नं. १ स्थित शिवोदय आ.वि. लाई माध्यमिक तह, वडा नं. २ स्थित शिव मा.वि. लाई माध्यमिक तह कक्षा ११-१२, वडा नं. ३ स्थित जम्बावती मा.वि. लाई माध्यमिक तह कक्षा ११-१२, देवकोटा आ.वि. कक्षा ५ सम्मलाई कक्षा ८, वडा नं. ४ स्थित गुप्तेश्वर आ.वि.लाई माध्यमिक तह, वडा नं. ५ स्थित खप्टुवा मा.वि.लाई माध्यमिक तह ११-१२, वडा नं. ८ मा सिंहेश्वरी मा.वि.लाई माध्यमिक तह ११-१२ र वडा नं. ९ स्थित कालिका मा.वि.लाई माध्यमिक तह ११-१२ मा तह तथा कक्षा थप गर्ने कार्य भएको छ । साथै वाना क्याम्पस सञ्चालनको लागि निरन्तर अनुदान उपलब्ध गराइएको छ ।

१०. पाँचखपन नगरपालिका अन्तर्गत सबै वडाहरुको वडा कार्यालय भवन निर्माण सम्पन्न भइ वडालगायत अन्य कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा अप्टिकल फाइबरको माध्यमबाट तीव्र गतिको इन्टरनेट जडान कार्य भइरहेको छ ।

११. पालिकाको कार्य सम्पादनलाई व्यवस्थित गर्न अत्यावश्यक कानुनहरु निर्माणलाई निरन्तरता दिईएको छ।

१२. सङ्घीय सरकार तथा प्रदेश सरकारसँग साझेदारी गरी वाना, सिंभुवा टाइगरचोक हुँदै चौदण्डीसम्म, भैंसीचोक, चुङखुरुङ, याङ्सिजुङ्ग, भालुखोप हुँदै श्रीनागीसम्मको मोटरबाटो कालोपत्रेसहित स्तरोन्नति गर्ने कार्य भइ रहेको छ ।

१३. सडक बोर्ड नेपाल, GWT लगायतका संघसंस्थाहरुसँगको सहकार्यमा सडक स्तरोन्नति, विद्यालय निर्माण तथा खानेपानी आयोजनाहरुको निर्माण कार्य भएको छ ।

१४. पाँचखपन नगरपालिकाको प्रशासकीय भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

१५. पाँचखपन नगरपालिकाको आधारभूत तह (कक्षा १-८) सम्मको स्थानीय पाठ्यक्रम तथा सन्दर्भसामग्री तयार गर्ने कार्य सफलतापूर्वक सम्पन्न भइ पाठ्याक्रम लागू गरिएको छ ।

१६. पाँचखपन नगरपालिकाभित्र रहेका विद्यालयहरुको विद्यार्थी संख्याको अनुपातको आधारमा डाउन साइज, मर्ज तथा दरबन्दी मिलान गर्ने कार्य गरिएको छ ।

१७. स्थानीय तहका विभिन्न क्षेत्र र पक्षहरुको व्यवस्थापन गर्न गराउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवस्थानुसारका विभिन्न प्रकारका समिति तथा उप-समितिहरुको गठन गर्ने कार्यमा निरन्तरता दिइएको छ ।

१८. साझेदार संस्थाहरुः GWT, Nepal को सहयोग र सहकार्यमा स्थानीय आपतकालीन सञ्चालन केन्द्र स्थापना गरिएको छ र परिचालनको लागि तयारी अवस्थामा रहेको छ ।

१९. नगरपालिकाको राजस्व संकलन प्रक्रियालाई अनलाईन प्रणालीमा एकीकृत गर्ने व्यवस्था गरिएको छ ।

**सभाका सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम यस सम्मानित नगर सभामा प्रस्तुत गर्दछु।

**अ) आर्थिक विकास नीति**

**क) कृषि नीति**

बिपिन राई
नगर प्रमुख

२०. **"आर्थिक समृद्धिको पहिलो आधार कृषि"** भन्ने मूल नाराका साथ कृषि उत्पादनमा व्यवसायीकरण, विविधिकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरणलाई विशेष जोड दिदैं सामूहिक खेती प्रणाली, सामूहिक पशुपालन विकास गरी कृषि र पशु क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्बन गरिनेछ । कृषकलाई उन्नत जातका बीउबिजन अनुदानमा वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२१. **"कृषि, शिक्षा, पर्यटन, स्वास्थ्य, पुर्वाधार र सञ्चार, पाँचखपन नगरपालिकाको समृद्धिको मूल आधार"** भन्ने मूल नाराका साथ राजनैतिक रुपमा सहकार्य, आर्थिक रुपमा दीगो फराकिलो, सामाजिक रुपमा समावेशीकरण तथा सांस्कृतिक रुपमा ऐक्यवद्धता, वातावरणीय दृष्टिले स्वच्छ, हराभरा शहरी सुविधा सम्पन्न व्यवस्थित नगर निर्माण गर्न एकतावद्ध भइ आम नगरवासीमा समन्वय, सहकार्य र सह-अस्तित्वका भावनाको विकास गरिने छ ।

२२. नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन, कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न माटो शिविर सञ्चालन गरी माटो अनुकूल उपयुक्त क्षेत्रमा उपयुक्त बाली लागाउन कृषकलाई सहजीकरण गरिने छ ।

२३. कृषकहरुलाई कृषि पेशामा आकार्षित गर्न तथा कृषि पेशामै सुरक्षित भविष्य छ भन्ने प्रत्याभुति दिलाउने उद्देश्यका साथ **कृषि तथा पशुपन्छी बीमा कार्यक्रम** सञ्चालन गरिनेछ ।

२४. यस नगरपालिकालाई मौरीपालन, फलफूल, तरकारी र बाली उत्पादनसमेतको पकेट क्षेत्र घोषणा गरी उत्पादन र उत्पादकत्व बढाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२५. कृषि उत्पादित उपजहरुलाई व्यवस्थित गर्न शीत भण्डार व्यवस्थापनको लागि पहल गरिने छ ।

२६. कृषि बीउविजन, बिरुवा, नश्ल, मलखाँद र रसायन तथा औषधीहरूको आपूर्ति, उपयोग र नियमनलाई व्यवस्थित र प्रभावकारी बनाई साझेदारीमा उपलब्ध गराइने नीति लिइने छ ।

२७. सामूहिक तथा सहकारी खेती तथा पशुपालनलाई प्रोत्साहित गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

२८. पालिका भित्र **"एक घर, एक फलफुल"** तथा **"एक घर एक करेसावारी, बाह्रै महिना हरियो र पोषीलो तरकारी"** अभियान सञ्चालन गर्न कृषकसँग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. बाँझो जग्गाको सदुपयोग गरी सामूहिक खेती प्रणालीको शुरुवात गरी कृषिमा आधारित जीविकोपार्जन कार्यलाई जोड दिइने छ ।

३०. जलवायुमैत्री प्रविधि (थोपा सिंचाई, प्लाष्टिक घर, प्लाष्टिक पोखरी, आकाशे पानीको संकलन, जुठेल्नोको पानी व्यवस्थापन) गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३१. अण्डा, माछा, मासु, फलफुल, तरकारीमा आत्मनिर्भर पालिका बनाउन जोड दिइनेछ । नविनतम सोच भएको कृषकको पहिचान गरी पुरस्कृत गर्ने नीति ल्याइने छ ।

३२. पालिका क्षेत्रभित्र कृषि तथा पशुपालनमा स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराउन कृषि तथा पशुपालनमा लागेका दर्ता कायम रहेका फर्महरुको अनुगमन गर्ने नीति अवलम्बन गरिने छ ।

३३. स्थानीय किसानहरुलाई मौरी पालन, च्याउ उत्पादन, कफी खेती, मेकडेमिया खेती जस्ता नगदेबालीहरुबारे तालिम कार्यक्रममा निरन्तरता दिइने छ ।

३४. समुहिक खेतीको लागि जग्गा लिजमा लिन आवश्यक प्रवन्ध मिलाइनेछ ।

३५. नगरपालिका क्षेत्रभित्र रहेका बेरोजगार नागरिकहरुको पहिचान तथा बर्गीकरण गरी कृषि तथा पशुजन्य उत्पादनमा अनुदानको व्यवस्था गरी उत्पादित वस्तुहरुको बजारीकरण गर्न उचित व्यवस्था मिलाइनेछ ।

३६. दर्ता नभएका तथा संगठित भएका स्थानीय कृषि र आमा समूहहरुलाई दर्ता/ नविकरण/ लेखापरीक्षण प्रकृयामा सहजीकरण गर्ने र उनीहरुको क्षमता अभिबृद्धिको लागि सहयोग गर्ने कार्यमा निरन्तरता दिइनेछ।

३७. कृषि सामग्रीहरु जस्तै पाल, पावर टीलर, मकै छोडाउने मेसीन, सोलार ड्रायर, थ्रेसर आदि ७५ प्रतिशत अनुदान सहयोगमा उपलब्ध गराइने छ । कृषकहरुलाई आवश्यक रासायनिक मल नगरले प्रत्येक वडामा वितरण गर्न ढुवानीमा अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।

३८. कृषि तथा पशुपालनसंग सम्बन्धित पोष्टर, पम्प्लेट, फ्लिप चार्ट जस्ता सञ्चार सामाग्री प्रकाशन गरी कृषि र पशुपालन उत्पादन, उपभोग र बिक्रीबाट जीविकोपार्जनमा सुधार हुने बारेमा चेतनामुलक कार्यक्रम टोलवस्ती तथा विद्यालय तहमा सञ्चालन गरिने नीति लिइनेछ ।

३९. सार्वजनिक, निजी र सहकारीको तिन खम्बे अर्थ नीतिलाई कार्यान्वयनमा विशेष जोड दिइने छ । नगर क्षेत्रभित्र स्थापना भएका सहकारी संस्थाहरुको अवस्था विश्लेषण, संस्थागत विकास, पूर्वाधार निर्माण र व्यवसायिक विकासका लागि जोड दिइनेछ ।

४०. कृषि उत्पादन र बजारीकरणमा सहकारीहरुलाई अनुगमन गरी प्रोत्साहन गर्ने व्यवस्था मिलाईने छ । सहकारीमार्फत कृषि तथा पशु फार्म तथा कृषि उद्योग सञ्चालनमा प्राथमिकता दिईने छ । सहकारीमार्फत् लघुकर्जा लगानीको लागि वित्तीय संस्था तथा बैंकहरुमा समन्वय गर्ने नीति लिइने छ । सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि र संस्थागत विकास मार्फत कृषि लगानीमैत्री वातावरण श्रृजना गरिनेछ ।

४१. पाँचखपन नगरपालिकाभित्र रहेका कृषकहरुमध्ये व्यक्तिगतरुपमा कृषि उत्पादन गरी वार्षिक रुपमा १० मुरी आलु र अधियामा ४० मुरी धान उत्पादन गर्ने, सामूहिकरुपमा उत्पादन गरी बार्षिक रुपमा ५० मुरी आलु उत्पादन गर्ने, व्यक्तिगत रुपमा ५० माउ बाखा पालन गर्ने र व्यक्तिगत रुपमा २० घारभन्दा बढी मौरीपालन गर्ने किसानलाई प्रोत्साहनको रुपमा अनुदान वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

## ख) जलश्रोत तथा सिंचाई नीति

४२. पाँचखपन नगरपालिका भित्रका सिंचाई प्रणाली व्यवस्थित गर्न विशेष पहल गरिने छ । नगरपालिकाभित्रका सबै कृषियोग्य भूमिमा सिँचाईको सुनिश्चिता गर्न आवश्यक कार्य गरिनेछ । स्थानीय साना, सतह तथा भूमिगत सिंचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र सङ्कलन तथा व्यवस्थापन गरिनेछ ।

४३. नदी खोला बाढी एवं जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धमा स्थानीय जनताको सहभागितामा कार्य अगाडि बढाइने नीति लिइनेछ ।

## ग) उद्योग सहकारी नीति

४४. नगर क्षेत्रभित्रका सहकारी संस्थाहरुलाई अनिवार्य COPOMIS मा आवद्ध गराइ तथ्याङ्क अद्यावधिक गर्ने कार्य कडाइका साथ लागू गर्ने नीति लिइनेछ र सोको लागि आवश्यक तालिमा कार्यक्रमको प्रवन्ध गरिनेछ।

४५. नगरलाई आर्थिकरुपले आत्मनिर्भर बनाउन नगर क्षेत्रभित्र उद्योग स्थापनाका लागि उद्योगमैत्री नीति अवलम्बन गर्दै उद्योगीहरुलाई उद्योग स्थापना गर्न विशेष प्रोत्साहित गरिनेछ ।

४६. औद्योगिक कोरिडोर कायम गरी ठुला, मझौला र साना उद्योगहरु सञ्चालन गर्न उद्योग विकासको सम्भाव्यता अध्ययन गरी आवश्यक नीति तर्जुमा गरिनेछ ।

४७. गरिबीको रेखामुनी रहेका तथा पूर्ण बेरोजगारलाई सिर्जनात्मक काममा परिचालन गर्न उद्यमशील तालिमको माध्यमबाट उद्यमशिलताको विकासमार्फत् स्व-रोजगार र उद्यमशीलता प्रवर्द्धन गरिने छ ।

४८. नयाँ उद्योगहरु स्थापना गर्न लगानीमैत्री वातावरण श्रृजना गरी रोजगारीका अवसर सिर्जना गरिनेछ ।

४९. बढ्दो विदेश पलायन रोक्न स्थानीय स्तरमै युवाहरुलाई उद्यमशील बनाउन युवा लक्षित रोजगारमूलक तालिम कार्यक्रमहरुमा निरन्तरता दिइनेछ ।



बिपिन राई
नगर प्रमुख

५०. स्थापना हुने र सञ्चालनमा रहेका उद्योग, व्यापरिक फर्म तथा पसलहरुको दर्ता अनुमति, नविकरण, खारेजी र नियमनमार्फत् औद्योगिक अनुशासन कायम राखिनेछ ।

५१. पालिकाभित्र सञ्चालित उद्योग, व्यपारिक फर्म तथा पसलहरु व्यवस्थित सञ्चालन गर्न नगरस्तरीय उद्योग वाणिज्य संघ गठन गर्न जोड दिइने छ ।

घ) पर्यटन नीति

५२. पर्यटन प्रवर्द्धन **"सुन्दर पाँचखपन, समृद्ध पाँचखपन"** भन्ने मूल नाराका साथ पर्यटन प्रवर्द्धन र विकास गर्न सरोकारवाला निकायसँग समन्वय, छलफल गरी पर्यटन गुरु योजना तयार गर्न पहल गरिनेछ ।

५३. कृषि, शैक्षिक, धार्मिक पर्यटन, हरित पार्क निर्माण लगायतका क्षेत्रको आवश्यक प्रवर्द्धन र विकास गरिनेछ । नागेश्वर महादेव तथा गुसेश्वर महादेबको मन्दिर लगायत निर्माणाधीन भ्यू-टावर तथा अन्य पर्यटकीय क्षेत्रको भौतिक पूर्वाधार व्यवस्थित तथा सौन्दर्यीकरण गरी पर्यटन प्रवर्द्धन गरिने नीतिलाई निरन्तरता दिइनेछ।

५४. घोर्ले झरना पर्यटन क्षेत्रलाई थप व्यवस्थित गरी आन्तरिक तथा बाह्य पर्यटक आर्कषण गरी पर्यटन प्रर्वद्धनमा जोड दिइने छ ।

५५. पर्यटन प्रवर्द्धन गर्न सम्भावित स्थानहरुको पहिचान गरी होम-स्टेको अवधारणा विकास गरिनेछ ।

५६. पाँचखपन नगरपालिकाको ऐतिहासिक पहिचान बोकेको **"तुम्लिङटार, वाना, निमनगढी, नागी, तेर्से र सभा पोखरी पर्यटन पदमार्ग"**को विकास गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।

५७. प्राकृतिक सौन्दर्य विग्रने गरी तथा बिपद् निम्त्याउने गरी जथाभावी अनियन्त्रित रुपमा भइरहेको ढुङ्गा, गिटी, बालुवा, माटो उत्खननलाई रोकी व्यवस्थितरुपमा उत्खनन गर्न नीतिगत व्यवस्था गर्न जोड दिइने छ । खानी तथा खनिज पदार्थसम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यबस्थापन लगायतका कार्य प्रारम्भ गरिनेछ ।

आ) सुशासन तथा अन्तसम्बन्ध नीति

क) गरिवी निवारण नीति

५८. गरिब घरपरिवार पहिचानसम्बन्धी स्थानीय सर्वेक्षण र सूचना व्यवस्थापन कार्यपश्चात् गरिबी निवारणको स्थानीय रणनीति तर्जूमा गरी रोजगारीका अवसर सिर्जना गर्न जोड दिइनेछ । गरिबी निवारणसम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संस्थासँग निरन्तर सम्पर्क, समन्वय र सहकार्य गरिनेछ ।

५९. गरिब घरपरिवार पहिचानसम्बन्धी स्थानीय सर्वेक्षणमार्फत् लगत कायम रहेका गरिब घरपरिवारको तथ्याङ्कलाई अध्यावधिक गर्न जोड दिइनेछ ।

६०. यस नगरपालिकाभित्रका आर्थिक अवस्था अत्यन्त कमजोर रहेका गरिब घर परिवारहरुको सुरक्षित आवासको लागि **फुसको छानो हटाउने कार्यक्रम** सञ्चालन गरिनेछ ।

ख) श्रम तथा रोजगारी नीति

६१. रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणाली प्रयोगमा निरन्तरता दिइनेछ । गरीबीको रेखामुनी रहेर अत्यन्त कठीन जीवन यापन गर्दै आएका नागरिकका लागि सीपमूलक तालिमको व्यवस्था गरी रोजगारीको समेत व्यवस्था गरिनेछ ।

६२. पालिकाको स्थानीय रोजगार नीति बनाई कार्यान्वयन गर्न जोड दिइनेछ ।

६३. नगरपालिकाको नगरस्तरीय तथा वडास्तरीय आयोजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचीकृत रहेका श्रमिकहरुलाई रोजगारीको लागि खटाउन प्रेरित गर्ने नीति लिइनेछ ।



बिपिन राई
नगर प्रमुख

६४. बैदेशिक रोजगारमा गएका युवाहरुलाई स्वदेशमा फर्किने वाताबरण तयार गरी कृषि, पर्यटन, उद्योग ब्यपार, जडीबुटी खेती, पशुपालन र उर्जा उत्पादनको कार्यमा लगानीको वाताबरण तयार गरी स्वदेशमै रोजगारीको सिर्जना गर्ने नीति लिइनेछ ।

ग) **प्राशासकीय सुशासन नीति**

६५. पाँचखपन नगरपालिका भित्र रहेका सबै संघ-संस्थाहरुले कानुनबमोजिम गर्नु पर्ने कार्यहरुः बार्षिक साधारण सभा, बार्षिक रुपमा लेखापरीक्षण गरे/नगरेको अनुगमन गरिनेछ । गर्नुपर्ने कार्यहरु सम्पन्न नगरेका संघ-संस्थाहरुलाई प्रचलित कानुन बमोजिम खारेज गर्ने तथा उत्कृष्ट संघ-संस्थाहरुलाई उचित सम्मानसहित पुरस्कृत गरिने नीति अबलम्बन गरिनेछ ।

६६. पाँचखपन नगरपालिकाअन्तर्गतका सम्पूर्ण वडाहरुमा गठन भएका टोल विकास संस्थाहरुलाई थप व्यवस्थित गर्न प्रोत्साहित गर्ने नीति लिइनेछ ।

६७. नगरपालिकामा सञ्चालित हुने गैरसरकारी संघ संस्थाले नगरपालिकाको अनिवार्य अनुमति लिएपश्चात् आफ्नो कार्यक्षेत्र तय गरी सामूदायिक क्षेत्रमा काम गर्ने ब्यबस्था मिलाइनेछ । संघ संस्थाको गठन, दर्ता, नविकरण र संञ्चालनको लागि सो संग सम्बन्धित कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

६८. विदेशी दातृ निकायहरूमार्फत अनुदान प्राप्त NGO र INGO एवं व्यापारिक संस्थाहरू तथा अन्य संघ संस्थाहरूले नगरपालिकाले प्राथमिकीकरण गरेका क्षेत्रहरूमा मात्र खर्च गर्न पाउने र सहकार्यमा काम गर्ने नीति अवलम्बन गरिनेछ ।

६९. नगर क्षेत्रमा क्रियाशील गैर सरकारी संस्थाहरुले नगर क्षेत्रमा कार्यक्रम तथा परियोजनाहरु सञ्चालन गर्दा प्रचलित कानुन बमोजिम नगरपालिकाबाट स्वीकृति प्राप्त गरेपश्चात् मात्र कार्यक्रम तथा परियोजना सञ्चालन गर्न दिने नीतिलाई कडाईका साथ कार्यान्वयमा ल्याईने छ । उल्लिखित संस्थाहरुले सञ्चालन गर्ने समान प्रकृतिका कार्यक्रम र परियोजनालाई नगरपालिकाको स्वीकृति लिई संयुक्त रुपमा सञ्चालन गराउने नीति समेत अबलम्बन गरिने छ ।

७०. सुशासनका आधारभूत पक्षहरु उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता, जनसहभागितालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरुलाई सुशासनको अनुभूति दिलाइनेछ । प्रत्येक वडामा गुनासो पेटिकाको व्यवस्था गरिनेछ । नगरपालिकाको सेवाप्रवाह तथा काम कारवाहीका सम्बन्धमा चौमासिकरुपमा सार्वजानिक सुनुवाई गरिनेछ । वडामा पनि वडास्तरीय सार्वजानिक सुनुवाई गरिनेछ ।

७१. नगर कार्यपालिकाको कार्यालय र प्रत्येक वडा कार्यालयमा नागरिक बडापत्र अपडेट गर्ने व्यवस्था मिलाईने छ । सेवाप्रवाहका सन्दर्भमा प्राप्त हुन आएका सल्लाह, सुझाव, गुनासो र उजुरीको सुनुवाई तत्कालै हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

७२. **"एक नेपाली नागरिक एक निःशुल्क नागरिकता सिफारिस"** कार्यान्वयन नीतिलाई निरन्तरता दिइनेछ ।

७३. सूचनाको हकको कार्यान्वयनको लागि यस नगरपालिकाबाट नियमित रुपमा त्रैमासिक प्रकाशन गर्दै जनताले माग गर्ने कानुनबमोजिमका जुनसुकै सूचना उपलब्ध गराउनका लागि एक संयन्त्र निर्माण गरी जनताको सूचनाको हकको सम्मान गरिनेछ ।

७४. पाँचखपन नगरपालिकाको बार्षिक लेखापरीक्षणद्वारा औंल्याइएका बेरुजु न्यूनिकरण गर्न बेरुजुको छानविन गरी फछ्र्यौट गरी सम्परीक्षण गर्ने कार्यलाई तीव्रता दिइनेछ ।

७५. नगरस्तरीय अनुगमन समितिबाट नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण गतिविधिहरुको अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

७६. व्यापारीहरुले नगरवासीको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने उपभोग्य बस्तुहरुको बिक्री गर्दा अनिवार्य मूल्य सूची राख्नु पर्नेछ सो राखे नराखेको नियमित अनुगमन गरिने छ । मूल्य सूची नराखी बढी मूल्यमा बिक्री गरी कालाबजारी गर्नेलाई कडाइका साथ कानूनको दायारामा ल्याइने छ । सो का लागि आवश्यक कानुन निर्माण गरिनेछ । अखाद्य तथा म्याद नाघेका खाद्यवस्तुको बिक्री वितरण गर्ने कार्य बन्द गरिने छ ।

७७. नगरपालिकाले प्रवाह गर्ने सेवालाई कर तथा शुल्क संग आवद्ध गरिनेछ । आन्तरिक आय वृद्धि गर्ने रणनीति अवलम्वन गरिनेछ । राजश्व परामर्श समितिको सुझवका आधारमा कर, दस्तुर, शुल्क, भाडा निर्धारण गरिनेछ । तोकिएको समयमै कर वुझाउने करदातालाई सम्मान गरिने छ । करदाता शिक्षा मार्फत नगरवासीलाई कर तिर्न अभिप्रेरित गरिने छ ।

७८. पाँचखपन नगरपालिकाको सार्वजनिक सम्पत्तिको विवरण अध्यावधिक गरी गराई संरक्षण गरिनेछ ।

७९. उपभोक्ता समिति तथा टोल विकास संस्थाको कार्य क्षमता, कार्यकुशलता अभिवृद्धि गर्न अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । योजनाको लागत इष्टिमेट उपभोक्ता समितिले बुझ्ने नेपाली भाषामा तयार गर्ने नीतिगत व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

८०. योजना अनुगमन तथा मूल्याङ्कन कार्य निरन्तर रुपमा हुने व्यवस्था मिलाइने छ । उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समिति तथा टोल विकास संस्थालाई सम्मान तथा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

८१. राज्य सञ्चालनको महत्वपूर्ण स्रोत राजस्व रहेकाले आन्तरिक राजस्व सुदृढिकरण गर्न राजस्व सुधार कार्ययोजनालाई कार्यान्वयन गरिनेछ । प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुका साथै करका नयाँ क्षेत्रहरु पहिचान गरी करको दायरा बढाइनेछ । कर प्रशासनलाई सरल, सवल र पारदर्शी बनाईनेछ । सबै किसिमका आय र व्यवसायलाई करको दायरामा ल्याइनेछ । करदाताको अभिलेख अद्यावधिक गरिनेछ ।

८२. सम्पत्ति कर प्रणालीमा जाने नीति अवलम्वन गरिने छ । करका नयाँ सम्भावना पहिचानका लागि अध्ययन गरिने छ । घर बहाल कर नियमित रुपमा बुझाउन प्रेरित गरिने छ र नियमित रुपमा अनुगमन गर्ने व्यवस्था मिलाईनेछ ।

८३. पाँचखपन नगरपालिका तथा मातहतका कार्यालयहरुद्वारा दिइने सार्वजिनक सेवालाई प्रविधिमैत्री बनाउन जोड दिइनेछ ।

## घ) कानुन तथा न्याय नीति

८४. पालिकालाई आवश्यक पर्ने ऐन, नियम कानुनहरुको मस्यौदा तयारी तथा लागू गर्न जोड दिइनेछ ।

८५. पाँचखपन नगरपालिकाको न्यायिक समिति तथा वडास्तरमा रहेका मेलमिलाप केन्द्रहरुलाई थप व्यवस्थित बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

८६. असहाय र अन्यायमा परेकाहरुलाई निःशुल्क कानुनी परामर्शका लागि आवश्यक व्यवस्था मिलाईनेछ । कानुन विपरित स्थापना भएका उद्योग, कलकारखाना, प्राकृतिक स्रोतको अनुचित तवरले दोहन गर्नेलाई कानुनको दायरामा ल्याउन जोड दिइनेछ । सबै वडाहरुमा विवाद समधानका लागि मेलमिलाप केन्द्र स्थापना र सञ्चालन कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

८७. न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयनलाई व्यावहारिक रुपाम कार्यान्वयनमा ल्याइनेछ । न्याय तथा कानूनी राज्यको परिपालना गर्दै मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गरी व्यक्ति र समुदायवीच मेलमिलाप र मध्यस्थताको कार्यलाई व्यावहारिक रुपमा कार्यान्वयनको सुरुवात गरिनेछ । न्यायिक समितिका कार्यलाई प्रभावकारी र पारदर्शी बनाईनेछ ।

बिपिन राई
नगर प्रमुख

८८. नीति, ऐन, नियम, कानुनको प्रमाणित प्रतिको संरक्षण, प्रकाशन र अभिलेखिकरणलाई व्यवस्थित गरिनेछ । निर्माण भएका कानूनहरु सर्वसाधारणको जानकारीको लागि स्थानीय राजपत्रमार्फत प्रकाशन गरिनेछ ।

**ङ) शान्ति तथा सुव्यवस्था नीति**

८९. शान्ति सुरक्षालाई मध्यनजर गर्दै बजार क्षेत्रहरु विहिवारे, वाना, भिरकुना क्षेत्रमा हुने सम्पूर्ण गतिविधिहरुको जानकारी तथा नियन्त्रणका लागि सि.सि. क्यामेराको क्षमता विस्तारलाई निरन्तरता दिँदै अन्य क्षेत्रहरुमा समेत विस्तार गरिनेछ ।

९०. पाँचखपन नगरपालिका क्षेत्रभित्र शान्ति सुरक्षालाई मध्यनजर गर्दै **"एक वडा, एक प्रहरी चौकी"** लाई पूर्णता दिन जोड दिइनेछ ।

**च) वातावरण तथा जलवायु नीति**

९१. वन तथा जैविक बिबिधताको संरक्षण गर्दै वैज्ञानिक वन व्यवस्थापनलाई उच्च प्राथमिकता दिइनेछ । बाढीबाट जोगाउन भू-संरक्षण, तटबन्ध व्यवस्थापन, वृक्षारोपण र जैविक विविधतालाई संरक्षण गरिनेछ । सामुदायिक वन उपभोक्ता समूहहरुलाई नियमन र नियन्त्रण गर्दै वन संरक्षण तथा बिकास गर्ने नीति अवलम्बन गरिनेछ । सार्वजनिक तथा वन क्षेत्रभित्रका खाली जमिनमा वृक्षारोपण गर्दै लगिनेछ । वातावरण संरक्षण सम्बन्धमा विद्यालयस्तरसम्म चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । नगर क्षेत्रभित्र **एक वडा एक उद्यान कार्यक्रम**लाई जोड दिइनेछ ।

९२. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधतासम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिनेछ । सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन गरिनेछ । नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा र सार्वजनिक खाली जग्गा, पाखा वा पखेरा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ । नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन कार्यक्रममा सरोकारवाला निकायको समन्वय र सहयोगमा उचित व्यवस्थापन गरिनेछ ।

९३. स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्ययजन्तुको संरक्षण व्यवस्थापनसम्बन्धी नीति, कानून, कार्यक्रम तर्जूमा, कार्यान्वयन र नियमन गरिनेछ । वातावरणीय जोखिम न्यूनीकरणसहित न्यून कार्वनयुक्त र वातावरणमैत्री विकास अवलम्बन गरिनेछ ।

९४. फोहरमैलालाई व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटलाई थप व्यवस्थित गरिनेछ । सरोकारवाला निकायको सहयोगमा ल्याण्डफिल साईटसम्बन्धी थप अध्ययन गरी फोहर व्यस्थापनको दीगो प्रवन्ध मिलाइने छ । जथाभावी फोहर फाल्ने कार्यलाई निरुत्साहित गरी नगरक्षेत्रको सबै स्थानमा टोल विकास संस्थाहरुमार्फत् सरसफाई अभियान सञ्चालन गरिनेछ । फोहर व्यवस्थापनमा असहयोग गर्नेलाई कानुन बमोजिम कारवाही गर्ने नीति लिइनेछ ।

९५. नगरमा व्यवस्थित ढल निकासका लागि योजना तर्जुमा गरी निरन्तरता दिइने छ । वातावरण प्रदुषण हुन नदिन नगरपालिकाभित्र मापदण्ड विपरितका प्लाष्टिकको विक्री वितरण, प्रयोगमा रोक लगाउने नीति लिईने छ ।

९६. पाँचखपन नगरपालिका क्षेत्रभित्र रहेको नदीजन्य जीवजन्तुहरुको संरक्षण गर्न खोला तथा नदीहरुमा माछा मार्नको लागिं करेन्ट लगाउने, विषालु विषादी प्रयोग गर्ने, विष्फोटक पदार्थ प्रयोग गर्ने कार्यलाई पूर्णरुपमा निरुत्साहित गर्ने नीति लिइनेछ ।

**छ) विपद व्यवस्थापन नीति**

९७. विपद् व्यवस्थापन प्रकोपजन्य जोखिमलाई न्यूनीकरण गर्न विपद् पूर्व तयारी योजना वा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गरिनेछ । विकासका योजना तयार गर्दा विपद् न्यूनिकरणका पक्षमा विशेष ध्यान दिईने छ । नगरस्तरीय विपद् व्यवस्थापनसम्बन्धी विपद व्यवस्थापन कोष खडा गरिनेछ र उद्धार कार्यको लागि राहत सामग्री खरिद र जनशक्तिसम्बन्धी आवश्यक नीति नियम तर्जुमा गरिनेछ ।

९८. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिने छ । विपद् पूर्व तयारीका लागि समुदायको क्षमता विकाससम्बन्धी क्रियाकलापका लागि अन्य सरकारी, गैरसरकारी संघ संस्थाको रचनात्मक सहयोग प्राप्तिका लागि पहल गरिने छ । विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वयको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

९९. जंगली जनावरहरुको आतङ्क बढ्दो रुपमा रहेकोले रोकथामको लागि आवश्यक कार्य अगाडी बढाइनेछ।

१००. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन नगरस्तरीय विपद् व्यवस्थापन समिति तथा अन्य उप-समिति र सरोकारवाला संघसंस्थाहरुलाई समन्वयात्मक ढंगबाट परिचालन गर्ने नीति अवलम्बन गरिने छ ।

## ज) मानव संशाधन विकास नीति

१०१. कर्मचारीलाई उत्प्रेरित गर्न कर्मचारीको योग्यता, क्षमता र रुचिका आधारमा उपयुक्त व्यक्तिलाई उपयुक्त स्थान (Right Man in the Right Place) भन्ने सिद्धान्त परिपालन गरिनेछ । कार्य सम्पादनका आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ । सो का लागि आवश्यक कार्यविधि तयार गरी मूल्याङ्कन गरिनेछ ।

१०२. कर्मचारीहरुको उच्च मनोवल बढाई कार्यालयको कामप्रति प्रेरित गर्न तथा कार्यालय समयबाहेक पनि कार्य गर्न अभिप्रेरित गर्न प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१०३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएबमोजिम अवकाश कोषमा हरेक वर्ष रकम विनियोजन गरी कर्मचारी कल्याणकोषको व्यवस्था गरिनेछ । प्राविधिक तथा अप्राविधिक कर्मचारीहरुलाई कामप्रतिको जवाफदेहीता प्रवर्द्धन गर्न तथा ज्ञान सीप र क्षमतामा निखारपन ल्याउन आवश्यकता बमोजिम तालिमको व्यवस्था गरिने छ ।

१०४. सेवा करारमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न आवश्यक व्यवस्था गरिनेछ।

१०५. स्वास्थ्यकर्मीहरुको क्षमता विकास गर्न आवश्यकताअनुसार तालिम कार्यक्रमको व्यवस्था गरिने छ ।

## झ) सामाजिक विकास नीति

### क) शिक्षा नीति

१०६. **"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिवद्धता"** भन्ने मूल नारासहित शैक्षिक क्षेत्रमा व्यापक सुधारसँगै विकासको नीति लिइनेछ ।

१०७. शिक्षा क्षेत्रको क्रियाकलाप नियमित र व्यवस्थित गर्न शैक्षिक क्यालेण्डर प्रकाशन गरी लागू गरिने नीति लिइनेछ ।

१०८. पाँचखपन नगरपालिकाको माध्यमिक विद्यालयहरुको विद्यार्थीहरुबीच **"नगर प्रमुखसँग छात्र-छात्रा अन्तरक्रिया कार्यक्रम"** सञ्चालन गरिनेछ ।

१०९. सामुदायिक आधारभूत र माध्यमिक विद्यालयका गुणस्तरीय शिक्षाका लागि वैकल्पिक शिक्षण विधिहरु अपनाई डिजिटलाइज शिक्षा प्रणालीमा उच्च प्राथमिकता दिइने छ ।

११०. विद्यालयका भौतिक पूर्वाधारलाई वाल/अपाङ्ग तथा वातावरणमैत्री बनाउन जोड दिइनेछ ।

विपिन राई
नगर प्रमुख

१११. पालिकाभरी एकै प्रकारको परीक्षा प्रणाली अवलम्बन गरी अन्तर विद्यालय प्रतिस्पर्धामा जोड दिइनेछ । उच्च अंक हासिल गर्ने विद्यालयलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

११२. विद्यालय सुशासन, पारदर्शिता र जवादेहिता अभिवृद्धिको लागि कार्य सम्पादन सम्झौता, सामाजिक परीक्षण, सार्वजनिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षणलाई वास्तविकतामा आधारित बनाइने छ ।

११३. नगरपालिका क्षेत्रभित्रका प्रत्येक विद्यालयहरुमा सूचना अधिकारी र गुनासो सुनुवाई अधिकारीको व्यवस्था अनिवार्य गरिनेछ ।

११४. नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमध्येबाट एस.इ.इ. मा सर्वोत्कृष्ट अंक हासिल गर्ने १ छात्र तथा १ छात्रालाई नगरप्रमुखबाट सम्मानित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११५. निर्वाचित प्रतिनिधि, सरकारी निकायमा कार्यरत राष्ट्र सेवक कर्मचारी र सामुदायिक विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुले आ-आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउन प्रेरित गरिने छ ।

११६. शैक्षिक बेरोजगारी समस्यालाई ध्यानमा राखी व्यवसायिक, सीपमुलक र व्यवहारिक प्राविधिक शिक्षामा विशेष जोड दिइनेछ ।

११७. विद्यालयको शिक्षणमा प्रभावकारिता ल्याउन अनुगमन, निरीक्षण र सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाइनेछ । शिक्षामा सबैको समान अधिकार र पहुँच पुऱ्याउन अनिवार्य आधारभूत शिक्षालाई प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ ।

११८. नेपाल सरकारको नीति अनुरुप विद्यार्थी संख्या, सुगमता आदि मापदण्डका आधारमा विद्यालय मर्ज गर्ने, डाउन-साइज र दरबन्दी मिलान गर्ने कार्य प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।

११९. नगर क्षेत्र भित्र न्यून दरवन्दीमा सञ्चालित सामुदायिक विद्यालयहरुको आवश्यकता पहिचान गरी **नगर शैक्षिक सुधार कार्यक्रम**मार्फत अनुदान उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

१२०. सामुदायिक अध्ययन केन्द्रको कार्यलाई समय सापेक्ष बनाउन जोड दिइने छ ।

१२१. विद्यालयमा स्वच्छ र पर्याप्त खानेपानीको व्यवस्था गर्न र साबुन पानीले हात धुने बानीको विकास गर्न प्रेरित गरिनेछ ।

१२२. प्रत्येक विद्यालयको आधारभुत तहमा अंग्रेजी माध्यमबाट पठनपाठन गराउन प्रेरित गराइनेछ साथै बालबालिकालाई विद्यालय पठाउनको लागि प्रेरित गरिनेछ ।

१२३. **"कम्प्यूटर शिक्षा, आजको आवश्यकता"** भन्ने नाराका साथ आधारभूत र माध्यमिक विद्यालयमा कम्प्यूटर शिक्षा पठनपाठन गराउन कम्प्यूटर शिक्षकलाई निरन्तरता दिइनेछ ।

१२४. नगर भित्र रहेको सामुदायिक र संस्थागत विद्यालयहरुको सहभागितामा बार्षिक रुपमा हाजिरीजवाफ, वक्तृत्वकला, गायन प्रतियोगिता लगायतका क्षमता विकास तथा प्रतिभा प्रष्फुटन गर्ने कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

१२५. नगरक्षेत्रमा सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालय, शिक्षक, विद्यार्थीसमेतलाई आधार बनाएर नगर शिक्षा प्रोफाईल बनाउने कार्यलाई अगाडी बढाइनेछ ।

१२६. तोकिएको मापदण्ड पुगेका विद्यालयहरुलाई मात्र स्तरोन्नतीको स्वीकृति दिइनेछ ।

१२७. **"हरेक विद्यालयमा स्वास्थ्य"** भन्ने नाराका साथ पालिकाभित्रका सबै विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको चौमासिक रुपमा स्वास्थ्य परिक्षण गर्ने नीति लागू गरिनेछ ।

१२८. सामुदायिक विद्यालयमा न्यून तलब भत्तामा कार्यरत विद्यालय कर्मचारी, विद्यालय सहयोगी, बाल सहयोगी कार्यकर्तालाई उचित सुविधा उपलब्ध गराइनेछ ।

## ख) स्वास्थ्य नीति

१२९. बालबालिका तथा गर्भवती महिलाहरुलाई निःशुल्क स्वास्थ्य जाँच, क्याल्सियम तथा एक्सरे सेवालाई निरन्तरता दिइनेछ । अति विपन्न, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र गर्भवती महिलाहरुलाई सुरक्षित प्रसुति गराउन स्वास्थ्य चौकी/अस्पतालसम्म ल्याउन र लान पालिका क्षेत्रभित्र यातायात (एम्बुलेन्स) को आवश्यक प्रबन्ध मिलाइनेछ ।

१३०. टोल विकास संस्थाहरुमार्फत् आफ्नो टोल वस्तीमा स्वास्थ्य तथा पोषणसम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्न जोड दिइनेछ ।

१३१. पालिका भित्रका शीघ्र कुपोषित वालवालिकाहरुलाई पोषणमा सहयोग गरिनेछ ।

१३२. गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थासम्म जान प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ । स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरुको लागि सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन गरिनेछ ।

१३३. सम्पूर्ण बालबालिका, किशोरी तथा प्रजनन् उमेरका महिलासम्म पोषणयुक्त खाना तथा हेरचाहको समान पहुँच सुनिश्चित गरिनेछ ।

१३४. महिला स्वयं-सेविकाहरुको कार्यलाई प्रोत्साहित गर्दै राष्ट्रिय स्वास्थ्य कार्यक्रम तथा प्रजनन स्वास्थ्य सुदृढीकरणमा जोड दिइनेछ ।

१३५. नगरवासीको स्वास्थ्यमा प्रत्यक्ष हानि पुऱ्याउने जङ्क फुडमुक्त पालिका घोषणा गर्ने तथा म्याद नाघेका खाद्यपदार्थ हटाउन कडाइका साथ बजार अनुगमन गरिने छ । विद्यालय वरिपरि भएका खानाहरु जस्तै पानीपुरी, चटपटेमा मिसाईने रासायनिक खाद्य पदार्थहरुलाई निरुत्साहित गर्न कार्ययोजना बनाई निरीक्षण गरिनेछ ।

१३६. समाजमा हुने खानपान र व्यवहारका कारण कुपोषण हुने अवस्थालाई न्यूनिकरण गर्ने वातावरणको सिर्जना गर्न पहल गरिनेछ ।

१३७. स्वास्थ्य तथा पोषणका क्षेत्रमा कार्यरत एजेन्सीहरुसँग साझेदारी र समन्वय गर्ने नीति लिइनेछ ।

१३८. सार्वजनिक स्थलमा लागूपदार्थ निषेध गरिने नीति अवलम्बन गरिनेछ ।

१३९. स्वास्थ्य बीमा कार्यक्रमलाई नेपाल सरकारको घोषणाअनुसार सबै जनतामा पुऱ्याउन सचेतना वा जागरणका कार्यक्रम टोल विकास संस्थामार्फत् सञ्चालनमा ल्याइनेछ । साथै यस नगरपालिका भित्रका आर्थिक अवस्था अत्यन्त कमोर भएका गरिव परिवारहरुको स्वास्थ्य वीमाको व्यवस्था गरिनेछ ।

१४०. सार्वजनिक निजी साझेदारीमा अस्पताल स्थापना र सञ्चालन कार्यलाई प्राथमिकतामा राखिनेछ । किशोर किशोरीलाई लक्षित गरी प्रजनन् स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१४१. समय समयमा बिपन्न, असहाय, दलित, जेष्ठ नागरिक र महिलाको स्वास्थ्य जाँचका लागि स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१४२. पाँचखपन-वाना आधारभूत अस्पताललाई व्यवस्थित गरी सबै स्वास्थ्य चौकीमा प्रयोगशालाको सुविधासहितको गुणस्तरीय स्वास्थ्य सेवा विस्तारमा जोड दिइनेछ । साथै सबै स्वास्थ्य चौकीहरूमा क्रमशः बर्थिङ् सेन्टर स्थापना गर्ने नीति अवलम्बन गरिनेछ ।

१४३. विरामीको चापलाई मध्यनजर राखी आवश्यकता र निर्देशिकाको आधारमा खोप केन्द्रहरु मध्येवाट शहरी स्वास्थ्यकेन्द्रमा रुपान्तरण गर्न प्रबन्ध मिलाउदै जाने नीति लिइने छ ।

१४४. विपन्न गरिव नागरिकहरुलाई उपचारार्थ अस्पतालसम्म पुऱ्याउन लाग्ने खर्चका लागि आकास्मिक कोषको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

१४५. पाँचखपन नगरपालिका क्षेत्रमा रहेका अनिइच्छुक गर्भको सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ । सुरक्षित गर्भपतनपछि परिवार नियोजन सेवाको सुनिश्चित गरिनेछ ।

१४६. पालिकाभित्रमा सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा जनशक्ति तथा औषधिको उपलब्धतामा जोड दिइनेछ ।

**ग) खानेपानी तथा सरसफाई नीतिः**

१४७. सबै नगरबासीहरूलाई २ वर्षभित्र स्वच्छ तथा सफा खानेपानीको लागि अल्पकालिन र दीर्घकालीन योजना कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।

१४८. निर्माणाधीन वाना विहिवारे वृहत खानेपानी योजना आगामी आर्थिक बर्ष २०८२/८३ सम्म कार्य सम्पन्न गरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई हस्तान्तरण गरी मिटर प्रणालीलाई प्रभावकारी बनाइने छ ।

१४९. खानेपानी सुविधामा सबै नगरवासीहरुको सहज र समान पहुँच सुनिश्चित गर्न तथा नियमित सञ्चालनमा ल्याउन तथा रेखदेख गर्न खानेपानी हेरालुको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१५०. पाँचखपन नगरपालिकाको अनुरोधमा गोर्खा वेलफेयर ट्रस्टद्वारा सञ्चालन हुने खानेपानी तथा सरसफाई कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन जोड दिइनेछ ।

१५१. पूर्ण तथ्याङ्कमा आधारित N-WASH प्रणालीमा तथ्याङ्क प्रविष्टि गरी खानेपानी तथा सरसफाइ आयोजनाहरु संचालन गरिनेछ ।

१५२. पाँचखपन नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगर निर्माण गर्न विभिन्न सरकारी, गैर–सरकारी संघ–संस्थाको सहयोग र समन्वय तथा आम नागरिक समेतको सहभागितामा पूर्ण सरसफाई कार्यक्रम लागू गरिने छ ।

१५३. नगर क्षेत्रभित्रका विद्यालय, हाटबजार, सार्वजनिक स्थान/चोकहरुमा खानेपानी धाराहरुको जडान गर्ने एवं सार्वजनिक शौचालयहरुको निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१५४. वर्षातको महिना खानेपानीमार्फत् विभिन्न सरुवा रोगको महामारी फैलिने सम्भावनालाई मध्यनजर गर्दै सरोकारवाला सहयोगी निकाय समेतको सहयोग र समन्वयमा पानी शुद्धीकरणका लागि विभिन्न विधिका बारेमा आम नागरिकहरुमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१५५. पालिकाभित्रका बजार क्षेत्र तथा सार्वजनिक क्षेत्रहरुमा सरसफाई गर्ने नीति लिइनेछ ।

**घ) युवा तथा खेलकुद नीति**

१५६. नगरपालिका क्षेत्रमा खेलकुदको सर्वाङ्गीण विकासका लागि नगरस्तरीय खेलकुद विकास समितिमार्फत खेलकुद कार्यक्रम सञ्चालन तथा व्यबस्थापन गर्न प्रवन्ध मिलाइनेछ ।

१५७. नगरस्तरीय खेलकुद समितिलाई थप व्यवस्थित गर्दै सक्रिय रुपमा परिचालन गर्ने नीति लिइनेछ ।

१५८. नगरपालिका क्षेत्रमा निर्माणाधीन रंगशालाको निर्माण कार्यलाई निरन्तरता दिन आवश्यक पहल गरिनेछ । कवर्ड हलको निर्माण कार्यका लागि जग्गा प्राप्ति कार्यलाई अगाडि बढाइनेछ ।

१५९. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई खेलकुदप्रति आकर्षण गर्न विद्यालयहरुलाई खेलकुद सामग्री खरिद तथा खेल मैदानको स्तरोन्नति गर्न सहयोग गरिनेछ ।

१६०. खेलकुदको माध्यमबाट नगरको पहिचान स्थापित गर्न **एक वडा एक खेल मैदान** निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१६१. युवा जनशक्ति समाज विकासको मेरुदण्ड भएकोले विकास निर्माण, आर्थिक उन्नति, कृषि उत्पादन र सामाजिक परिचालनमा नगरपालिकाका ९ वटै वडामा खेलकुद सम्बन्धित युवा क्लब गठन गर्न प्रोत्साहन

गरिनेछ । ती युवा क्लबहरुलाई सामाजिक विकासका अरु क्षेत्रमा आम युवाको सहभागिता सहितको कार्यक्रम परिचालनमा प्राथमिकता दिइनेछ ।

**ङ) सामाजिक सुरक्षा तथा संरक्षण नीति**

१६२. सामाजिक रुपमा पछाडि परेका वर्ग तथा समुदायको पहुँचमा अभिवृद्धि गर्दै अगाडी बढ्ने वातावरण सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ । सामाजिक रुपान्तरणमार्फत् गरिबी न्यूनिकरणलाई सहयोग पुऱ्याउन सामाजिक परिचालनका कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी बनाउँदै लगिने छ । भौगोलिक क्षेत्रका कारण विकासका अवसरहरुबाट पछाडि परेका नगरवासीहरुलाई त्यस्तो क्षेत्रहरुको पहिचान गरी विशेष कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ ।

१६३. पाँचखपन नगरपालिकालाई महिला हिंसारहित नगरपालिकाको रुपमा स्थापित गर्ने नीतिलाई प्रभावकारी रुपमा अगाडि बढाईनेछ । हिंसाबाट पीडित महिलाहरुलाई न्याय दिलाउन संकट कोषको स्थापनामा जोड दिइनेछ । महिला हिंसा, लैङ्गिक विभेद, बालश्रम, बालविवाह, अनमेल विवाह जस्ता सामाजिक समस्याहरुलाई निरुत्साहित गर्न नीतिगत चेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक सहयोग गरिनेछ । नगरस्तरमा महिला सहकारी तथा समूहहरु स्थापना गरी महिलाहरुको आयआर्जनमा वृद्धि हुने कार्यक्रम सञ्चालनमा जोड दिइनेछ । महिलाको क्षमता अभिबृद्धिका लागि सीपमुलक, चेतनामुलक कार्यक्रम संञ्चालन गरिनेछ । महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता विकास र प्रोत्साहनका लागि विशेष व्यवस्था गरिनेछ ।

१६४. बालश्रम, बालशोषण, बालबिबाह र बाल हिंसा न्युनीकरण गर्न कानुनहरुलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न पहल गरिनेछ । बाल बचाउ, बाल संरक्षण, बाल विकास र बालबालिकाका लागि गरिने निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता गराउन विशेष पहल गरिनेछ । नगरलाई बालमैत्री नगरको रुपमा घोषणा गर्नको लागि कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ । बालमैत्री विद्यालय र बालमैत्री शिक्षण सिकाई पद्धतिको विकासको लागि सम्बन्धित विद्यालयहरुलाई सहयोग गर्ने नीति अवलम्बन गरिनेछ । बाल क्लब र बाल सञ्जालहरुमार्फत् बालबालिकाको चेतना अभिबृद्धि गरिने छ ।

१६५. बाल विवाह तथा अनमेल विवाह न्यूनीकरण गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१६६. "बालबालिका भोलिका कर्णधार मात्र नभएर आजका साझेदार हुन" भन्ने नीति अवलम्बन गरिनेछ । विद्यालयमा भर्ना भएका किशोर किशोरीहरुको ड्रप आउट दरलाई न्यूनिकरण गर्न वडामार्फत् चेतनामूलक तथा सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनेछ । बाल क्लब गठन र सञ्चालनका लागि कार्यविधि बनाई वडा कार्यालयमार्फत् बाल क्लब गठन र सञ्चालन गरिनेछ ।

१६७. नगरका विभिन्न स्थानमा स्थानीय नागरिक र सार्वजनिक निजी साझेदारीमा बाल उद्यान निर्माण गर्न पहल गरिने छ । यस प्रकारका बाल उद्यान निर्माणमा निजी तथा सामुदायिक विद्यालयको सहकार्यलाई प्राथमिकता दिइनेछ ।

१६८. ज्येष्ठ नागरिक हाम्रा इतिहास हुन वहाँहरुको सम्मान गर्नु हाम्रो कर्तव्य हो । तसर्थ जेष्ठ नागरिक दिवसका दिन पाँचखपन नगरपालिका क्षेत्रमा रहेका सबैभन्दा जेष्ठ महिला र जेष्ठ पुरुष नागरिकलाई नगरस्तरीय जेष्ठ नागरिक घोषणा तथा सम्मान कार्यक्रम गरिनेछ ।

१६९. सामाजिक सुरक्षा भत्ता बैंक मार्फत् वितरण कार्यलाई निरन्तरता दिइने छ साथै उक्त कार्य वडा कार्यालयबाट सेवा दिन सहजीकरण गरिने छ । जेष्ठ नागरिकको अभिलेख संकलन र परिचय पत्र वितरण कार्यलाई सरल, सहज र व्यवस्थित बनाइनेछ ।

१७०. नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने अति विपन्न, अशक्त, असहायहरुलाई प्रभावकारी ढंगबाट आर्थिक सहायता प्रदान गरिनेछ ।

१७१. दलित समुदायको परम्परागत सीपलाई आधुनिकीकरण गर्दै उद्योगको रुपमा बिकास गर्ने नीति अवलम्बन गरिने छ । जातीय छुवाछुत एवं भेदभावविरुद्धको कानुनलाई कडाईका साथ लागू गरिनेछ । दलित तथा दलित महिला सहकारीहरु स्थापना गरी आय आर्जनमा बृद्धि तथा आत्मनिर्भर बन्न बीऊ पूँजी वितरण गर्ने नीति लिइनेछ सो का लागि लक्षित कार्यक्रम सञ्चालन गरी थप सशक्तिकरण गरिनेछ ।

१७२. दलित तथा सिमान्तकृत समुदायको सशक्तिकरण र क्षमता विकासमा विशेष जोड दिइने छ । यस नगर क्षेत्रभित्र छुवाछूत, जातीय भेदभावलाई उन्मूलन गर्ने गरी विशेष कार्यक्रमहरु तय गरी लागू गरिनेछ।

१७३. हरेक भौतिक पूर्वाधार निर्माण गर्दा अपाङ्ग तथा बालमैत्री बनाउने नीति लिइने छ । नगरपालिकाबाट प्रवाह हुने सेवामा अपांगलाई प्राथमिकता दिइने छ । फरक क्षमता भएका व्यक्तिहरुको क्षमता पहिचान र विकासका लागि कार्यक्रम बनाई लागू गरिनेछ । नगरभित्र अपांगता भएका नागरिकहरुको लगत तयार गरी परिचय पत्र वितरणमा जोड दिइने छ । अपांगता भएका नागरिकहरुलाई नगरपालिकाद्वारा जुनसुकै प्रकारका व्यवसाय दर्ता वा नवीकरण गर्दा लाग्ने राजश्वमा १० प्रतिशत छुट दिइनेछ ।

१७४. पुराना तथ्याङ्कहरुलाई डिजिटाइज गरी आधुनिक अनलाइन प्रविधिमार्फत् जन्म, मृत्यु, विवाह, बसाईं सराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता व्यवस्थापन गरिने छ । पञ्जिकरण र सामाजिक सुरक्षालाई पनि अनलाइन प्रविधिमार्फत् व्यवस्थित गर्न निरन्तरता दिइनेछ । जेष्ठ नागरिक, एकल महिला, दलित, अशक्त र नाबालक परिचय–पत्र वितरण कार्यलाई सरल, सहज र व्यवस्थित र झन्झटमुक्त गरिनेछ।

**सभाका सदस्यज्यूहरु,**

## च) भाषा तथा संस्कृति नीति

१७५. आदिवासी जनजातिहरुको भाषा संस्कृति संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ । आदिवासी जनजातिको परम्परादेखि चली आएको ज्ञान, सीप, भेषभूषा, भाषा, लिपी, कला, संस्कृतिको जगेर्ना गरिने कार्यक्रम सञ्चालन गरिनेछ । सबै समुदायको हक हितको संरक्षण, सम्वर्द्धन गर्दै सम्बन्धित वर्गको भाषा, कला, साहित्य र धर्मलाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

१७६. सबै भाषा धर्म संस्कृतिको संरक्षण सम्वर्द्धन र विकास गर्दै लैजाने नीति अबलम्बन गरिनेछ । सांस्कृतिक परम्पराबमोजिम मनाइने पर्वहरुलाई व्यवस्थित गरिने छ । नगरभित्र रहेका धार्मिक मठ मन्दिर, गुम्बा, चर्च, शालिक, मस्जिदको अभिलेख तयार गरी आवश्यक मर्मत-सम्भार, सुधार तथा सौन्दर्यीकरण गरी धार्मिक पर्यटनका लागि विशेष जोड दिइनेछ । अल्पसंख्यक जातजाति र भाषाभाषीको भाषा संस्कृति र ललितकलालाई संरक्षण गर्न विशेष नीति योजना बनाई सास्कृतिक संग्रहालय निर्माणको पहल गरिने छ ।

१७७. नगरको पहिचान झल्कने गरी नगरस्तरीय स्मारक पार्क स्थापना गर्न जोड दिइने छ । साथै एक वडा एक स्मारक पार्क निर्माण गर्ने कार्य शुरु गरिने छ ।

१७८. समाजमा रहेका बिभिन्न कला प्रतिभाहरु जस्तै लेखक, कलाकार, साहित्यकार, चित्रकार, कालीगढ तथा स्तम्भकार आदिको राय सुझावको आधारमा कला साहित्य र संस्कृतिको प्रवर्द्धनको कार्यक्रम तर्जुमा गर्ने कामको थालनी गरिनेछ ।

१७९. नगरपालिका क्षेत्रभित्रका पुरातात्विक तथा धार्मिक महत्वका बस्तुहरुलाई नगरपालिकाको सम्पदा सूचीमा सूचीकृत गरी संरक्षण गरिने छ । मठ, मन्दिर, पाटीपौवा र गुठीहरुको संरक्षण र व्यबस्थापनको कार्यलाई प्राथमिकता दिइने छ ।

१८०. स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको स्थानीय आवश्यकताअनुरुप उचित व्यवस्थापन गरिनेछ ।

**ई) पूर्वाधार विकास नीति**

**क) यातायात पूर्वाधार नीति**

१८१. नगरस्तरीय यातायात गुरुयोजना (MUNICIPAL TRASPORT MASTER PLAN, MTMP) तयार गर्न जोड दिइनेछ । साथै MTMP बाट निर्दिष्ट गरिएका सबै सडकहरुको Right of Way (ROW) निर्धारण गरी त्यसको प्रभावकारी कार्यान्वयन गरिने छ । निर्माण शुरु भइ सम्पन्न हुन नसकेका योजनाहरुलाई प्राथमिकतामा राखी सम्पन्न गर्ने नीति अवलम्वन गरिने छ ।

१८२. आवधिक योजनाद्वारा निर्दिष्ट व्यवस्थाहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१८३. सबै वडाहरुलाई समेट्ने गरी पाँचखपन रिङ रोडको अवधारणालाई निरन्तरता दिइनेछ । सडक अधिकार क्षेत्र मिच्ने, सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गर्ने नीति लिइनेछ ।

१८४. नगरपालिका कार्यालयदेखि प्रत्येक वडा केन्द्रसम्म पुग्ने सडक सञ्जालहरुको स्तरोन्नति गरिनेछ । सडकको मुख्य सञ्जालसँग जोड्न एक वडा एक सडक DPR तयार कार्यलाई निरन्तरता दिँदै सडक निर्माण कार्य अगाडि बढाइने छ । हरित र वाताबरणमैत्री सडक निर्माणलाई जोड दिदै सडक संरक्षणका लागि वायो इन्जिनियरिङ गर्न जोड दिइनेछ ।

१८५. यातायात सुविधामा सबै नगरवासीहरुको सहज र समान पहुँच सुनिश्चित गर्न तथा नियमित सञ्चालनमा ल्याउन मुख्य तथा सहायक सडकहरुको रेखदेख गर्न सडक हेरालुको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१८६. अति आवश्यक बाहेक सडक ट्रयाक ओपनलाई निरुत्साहित गर्दै भएका सडकलाई स्तरोन्नति गर्न जोड दिइने छ ।

१८७. संघीय सरकार, प्रदेश सरकार तथा अन्य निकायहरुसँग साझेदारी गरी सदरमुकाम खाँदवारी र जिल्लाकै मुख्य बजार चैनपुर जोड्ने सडकलाई कालो पत्रे गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

१८८. नगर क्षेत्रभित्र रहेका सडकहरु पर्ने जग्गाको कर व्यक्तिहरुले नै तिरिरहेकाले उक्त सडकहरुको क्रमशः लगत कट्टा गरी सार्वजनिक सडकको रुपमा लैजान जोड दिइने छ ।

१८९. **"धुलोरहित शहर, पाँचखपन वासीको रहर"** भन्ने मूल नारालाई स्थापित गर्न नगर क्षेत्रमा भएका सडकहरुलाई आगामी समयमा क्रमशः धुलोरहित सडक बनाउने नीति अवलम्बन गरिनेछ । जसका लागि नगरपालिकाका मुख्य सडक, शाखा सडक र भित्री सडकहरु क्रमशः ढलान तथा कालोपत्रे गरिने नीति लिइने छ ।

१९०. नगरपालिकाभित्र सञ्चालन हुने विकास निर्माणका कार्यहरुको अनुगमन मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१९१. यस नगरपालिका वा जुनसुकै निकायबाट सञ्चालन हुने ३ लाख रुपैया भन्दा माथिका योजनाहरु अनिवार्य रुपमा आयोजनाको विस्तृत विवरण झल्कने होडिङ बोर्ड राखेर मात्र आयोजना सञ्चालन गर्न दिने नीति लिइनेछ ।

**ख) भवन आवास तथा सहरी विकास नीतिः**

१९२. घर नक्सा पास तथा भवन मापदण्ड लागू गरी नियमन गर्न जोड दिइनेछ ।

बिपिन राई
नगर प्रमुख

१९३. घर नक्सा पास गरेर मात्र भवन निमार्णका लागि अनुमति दिइनेछ । अनुमति दिंदा आफ्नो घर परिसर भित्र अनिवार्य रुपमा कम्तिमा २ वटा रुख बिरुवा लगाउनु पर्ने व्यवस्था मिलाईने छ । घर सम्पन्न प्रमाण पत्र दिंदा घरको चारै दिशाको फोटो अनिवार्य गरिने छ । सो को स्पष्टता अनुगमनबाट गर्ने व्यवस्था मिलाइने छ ।

१९४. नगरपालिका तथा सम्वन्धित निकायको अनुमति नलिई जग्गा प्लटिङ्ग गरिएका र निर्धारित मापदण्ड नपुगेका प्लटहरुमा भवन निर्माण अनुमति नदिने नीति लिइने छ ।

१९५. अव्यवस्थित पूर्वाधार निर्माणलाई निरुत्साहित गरी एकीकृत वस्ती निर्माणको थालनी गरिनेछ । नेपाल सरकारको फुसको छानो हटाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१९६. नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यलाई पूर्णता दिनेछ । नगर क्षेत्रमा निर्माण हुने जुनसुकै प्रकारका सार्वजनिक एवं निजी संरचना भुकम्प प्रतिरोधी हुने गरी मात्र बनाउने/बनाउन अनुमति दिइनेछ।

१९७. नगरपालिका क्षेत्रभित्र रहेको धार्मिक, साँस्कृतिक, पर्यटन एवम् पूर्वाधार क्षेत्र तर्फको आवश्यक योजना पहिचान गरी DPR समेत तयार गरी नगरस्तरीय योजनामा समावेश गरिनेछ । ठूला बजेटका योजनाहरु संघ तथा प्रदेशसँग माग गरी कार्यान्वयन गर्न विशेष पहल गरिनेछ ।

१९८. पहिंचान भएका सुकुम्बासीहरुको अभिलेखीकरण गरी आवसीय कार्यक्रम सञ्चालन गरिनेछ ।

१९९. नगरपालिका क्षेत्रको व्यवस्थित, दीर्घकालिन एवं वातावरणमैत्री दीगो विकासका लागि भू-उपयोग गुरु योजना निर्माण गर्न जोड दिइनेछ । सो अनुसार आवास क्षेत्र, सार्वजनिक क्षेत्र, खुला एवं हरियाली क्षेत्र, सार्वजनिक पार्क, वन, कृषि एवं सुरक्षित क्षेत्रको पहिचान गरी एकीकृत नगर विकास योजनाले निर्दिष्ट गरे बमोजिमका वस्ती विकास एवं व्यवस्थित नगर निर्माण गरिनेछ । वैज्ञानिक भूमि व्यवस्थापन र भू-उपयोगको नीति क्रमशः कार्यान्वयनमा ल्याइने छ । एकीकृत बस्तीहरुमा विकासका पूर्वाधारहरुः सडक, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई आदि सुविधा बिस्तार र सामुदायिक स्थलहरु निर्माण गर्न विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

२००. तल देखि माथि जाने (Bottom up Approach) नीति अनुसार वस्ती-वस्ती तहबाट टोल विकास संस्था मार्फत् योजना छनौट गरिने छ । योजना छनौट तथा प्रथमिकिकरण गर्दा राष्ट्रिय बिकास नीति, गरिबी निवारण, वातावरणीय अनुकूलता तथा स्रोत साधन उपलब्धताका आधारमा नगरवासीलाई प्रत्यक्ष लाभ हुने योजनालाई प्राथमिकता दिईने छ । बढीभन्दा बढी जनसहभागिता हुने योजनालाई प्राथमिकता दिईने छ ।

२०१. विकास निर्माण लगायत पूर्वाधार निर्माणमा सार्वजनिक—निजी साझेदारी नीतिलाई अवलम्बन गरी स्थानीय नीति, योजना निर्माण गरिनेछ । स्थानीय सार्वजनिक-निजी साझेदारीका आयोजना छनौट तथा कार्यान्वयनमा प्राथमिकता दिइनेछ । स्थानीय विकासमा निजी क्षेत्रको प्रवर्द्धन गर्दै स्थानीय जनताको प्रत्यक्ष लागत सहभागितामा ९०-१०% (उपभोक्ता वा स्थानीय जनता) मा आयोजना कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

## ग) उर्जा नीतिः

२०२. सौर्य/सडक बत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ सो का लागि योगदानमा आधारित जनसहभागिताको नीतिलाई प्राथमिकता दिइनेछ । नगर भित्रका सार्वजनिक स्थान र सडक एवं वजार, नगर टोलहरुमा सडक वत्ती जडान कार्यलाई निरन्तरता दिइनेछ । काठका पोललाई क्रमशः विस्थापित गरी फलामे पोल प्रयोग गर्ने नीति लिईनेछ । मुख्य वजार क्षेत्रमा सौर्य उर्जा (Solar Power) का सडक वत्ति राख्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२०३. पाँचखपन नगरपालिका अन्तर्गत विद्युतीकरण हुन नसकेका क्षेत्रहरुमा वैकल्पिक उर्जाको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

२०४. नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने विद्युतको पहुँच नपुगेका घरपरिवारमा केन्द्रीय प्रशासण लाइन जडान गरी उज्यालो नगरपालिका घोषणा गरिने छ ।

**घ) सञ्चार तथा सूचना प्रविधि नीति**

२०५. **"सूचना र सञ्चार, सर्वाङ्गीण विकासको आधार"** नीतिअनुरुप सबै वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय इन्टरनेट सेवालाई निरन्तरता दिँदै सेवा प्रवाहलाई सरल, सहज तथा सरलीकरण गरिनेछ ।

२०६. नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट दैनिक रुपमा संकलन हुने राजस्व सफ्ट्वेयर मार्फत बिलिङ गरी व्यवस्थित तथा पारदर्शी गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

२०७. पाँचखपन नगरपालिका क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन एफ.एम., टेलिभिजन, रेडियो प्रसारणको अनुमति, नवीकरण र नियमन कार्यलाई व्यवस्थित गरिनेछ । सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तारसम्बन्धी कार्यक्रम तर्जुमा गर्न जोड दिइनेछ।

२०८. प्रविधिमैत्री सूचनाको पहुँचलाई प्राथमिकता दिँदै नगरपालिकाको सम्पूर्ण वस्तुस्थिती समावेश हुनेगरी डिजिटल नगर प्रोफाइल निर्माण गरी वेबसाइट मार्फत सार्वजनिक गरिनेछ ।

२०९. नगरपालिका क्षेत्रभित्र नेपाल टेलिकमको गुणस्तरीय सेवाको पहुँच सबै क्षेत्रमा पुऱ्याउन संघ तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक स्थानमा टावर निर्माण गरिनेछ ।

२१०. दैनिक प्रशासनलाई छिटो छरितो बनाउन विद्युतीय प्रणाली लागू गरिनेछ । नगरपालिकाको आफ्नै वेभसाइट तथा सामाजिक सञ्जाल मार्फत नगरको सम्पूर्ण सूचना सार्वजनिक गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । नगर प्रमुख तथा उप-प्रमुखबाट स्थलगत रुपमा जनप्रतिनिधि-नगरबासी भेटघाट कार्यक्रम गरी गुनासो सुन्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**अन्तमा,**

नगरको समग्र विकास र समृद्धिका लागि प्रस्तुत नीति तथा कार्यक्रमले अंगीकार गरेका विषयहरुको कार्यान्वयन महत्वपूर्ण हुनेछ । नेपालको संविधानले आत्मसात् गरेको मूल्य, मान्यता र परिकल्पना, चालू आवधिक योजना, दिगो विकासको लक्ष्यसँग अन्तरसम्बन्धित हुँदै यस नगरका आम जनसमुदायबाट प्रकट भएका भावना र अपेक्षालाई यस नीति तथा कार्यक्रमले समेट्ने प्रयास गरेको छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण नगरवासीहरुलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिवद्ध नेतृत्व प्रदान गरिनेछ । आगामी बजेटबाट नीति तथा कार्यक्रममा व्यक्त प्रतिवद्धताहरुलाई सम्बोधन हुने विश्वास गरिएको छ । यो नीति तथा कार्यक्रम स्वच्छ, सुखी, समुन्नत र समृद्ध नगरको खाकासहित कार्यान्वयनयोग्य दस्तावेजको रुपमा रहेको छ । पाँचखपन नगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्यवनमा सबै क्षेत्र, तह र निकायबाट सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु । नीति तथा कार्यक्रमका लागि सुझाव दिनु हुने र तर्जुमाको कार्यमा संलग्न हुनुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

१० आषाढ, २०८२

विपीन राई

नगर प्रमुख

बिपिन राई

नगर प्रमुख